**This Question Paper consists of 31 questions and 7 printed pages.**
**यस प्रश्न–पत्रमा 31 प्रश्न र 7 मुद्रित पृष्ठ छ।**

**Roll No.** | | | | | | | | | | | | |
**अनुक्रमांक**

**Code No. 62/S/N/N**
**कोड संख्या**

**Set No. - A**
**सैट संख्या**

# NEPALI
# नेपाली
# (231)

**Day and Date of Examination**
**(परीक्षाको दिन अनि दिनाङ्क)** ____________________

**Signature of Invigilators**
**(निरीक्षकहरूको हस्ताक्षर)** **1.** ____________________

**2.** ____________________

**सामान्य अनुदेश :**

**1** परीक्षार्थीले आफ्नो रोल नम्बर प्रश्न–पत्रको प्रथम पृष्ठमा लेख्नु पर्नेछ ।

**2** प्रश्न–पत्रको कुल पृष्ठ संख्या र कुल प्रश्न संख्या प्रश्न–पत्रको प्रथम पृष्ठको माथिल्लो कुनामा लेखिएको छ। प्रश्न–पत्रको पृष्ठ संख्या पूरा छ या छैन जाँच्नको निम्ति कृपया त्यस संख्यासँग दाजेर हेर्नोस। प्रश्न अनुवर्ती क्रममा छ/छैन त्यो पनि जाँच्न आवश्यक छ ।

**3** वस्तुनिष्ठ प्रश्नहरूका दिइएको चार विकल्पहरू (A), (B), (C) तथा (D) देखि कुनै एउटामा दिइएको उत्तर–पुस्तिकामा चिह्नित गर्नोस् ।

**4** वस्तुनिष्ठ प्रश्नहरूसँग सबै प्रश्नहरूका उत्तर निर्धारित समयमा लेख्नु पर्नेछ अनि वस्तुनिष्ठ प्रश्नहरूका उत्तरलाई कुनै अतिरिक्त समय–सीमा निश्चित छैन ।

**5** उत्तर–पुस्तिकामा परिचयको कुनै चिह्न बनाइएको अथवा निर्दिष्ट स्थान वाहेक अन्य कुनै पनि ठाउँमा रोल नम्बर लेखिएको पाइए, परीक्षार्थीलाई अयोग्य ठहराइन्छ ।

**6** उत्तर–पुस्तिकामा आफ्नो प्रश्न–पत्रको कोड नं. **62/S/N/N सैट – [A]** लेख्नुहोस् ।



UNNATI EDUCATIONS
9899436384, 9654279279

# NEPALI
# नेपाली
# (231)

**समय : 3 घण्टा** | **पूर्णाङ्क : 100**

**निर्देश :** (1) **सबै** प्रश्नको उत्तर अनिवार्य छ।
(2) सबै प्रश्नहरू ध्यानपूर्वक पढ्नुहोस् अनि उत्तर दिनुहोस् ।
(3) प्रश्नोत्तर सम्बन्धी दिइएका विकल्पमध्ये सर्वाधिक उपयुक्त उत्तर–पुस्तिकामा चिह्नित गर्नुहोस्।

तलका प्रश्नहरूका **चार** विकल्पहरू माझ सही विकल्पलाई उत्तर–पुस्तिकामा चिह्नित गर्नु पर्नेछ : **11×1=11**

1 'दिदी तपाईँको नासो' – प्रस्तुत वाक्य कसले कसलाई भनेकी हुन् ?

(A) सुभद्राले लक्ष्मीलाई
(B) लक्ष्मीले सुभद्रालाई
(C) नौलीले लक्ष्मीलाई
(D) नौलीले सुभद्रालाई

2 'यो भुँडी तबला, ढोलक वा अभिशाप मात्र नभएर धनी मान्छेहरूको साइनबोर्ड पनि हो ।' – किन ?

(A) सबै धनीहरू भुँडे हुन्छन्
(B) धनीहरूको मात्र भुँडी हुन्छ
(C) शारीरिक परिश्रम नगर्ने हुनाले धनीहरूको भुँडी ठुलो हुन्छ
(D) धनीहरूले भुँडे हुने अभिशाप पाएका हुन्छन् ।

3 नेपालको पूर्व तीन नम्बर हिमालयको फेदी सोलोह खोम्बोमा कसको जन्म भएको थियो ?

(A) तेञ्जिङ शेर्पा
(B) बाबुलाल प्रधान
(C) म्यालरी
(D) एडमन्ड हिलेरी


UNNATI EDUCATIONS
9899436384, 9654279279

4 ‘मृगतृष्णा’ कथाको कथाकार को हुन् ?

(A) विश्वेश्वरप्रसाद कोइराला (B) सानुभाई शर्मा

(C) सानु लामा (D) अच्छा राई रसिक

5 ‘गाना नहुनु मुर्दापनको लक्षण हो’ – यो वाक्य कुन पाठबाट उद्धृत गरिएको हो ?

(A) आँखा (B) बेलामा

(C) त्रिकोण (D) भुँडी

6 ‘मेरो सानो मालिक, म त बिदा लिन्छु’, कसले भनेको हो ?

(A) लेखक (B) पसले

(C) सिपाही (D) रङ्गरुट

7 तेलेगु भाषामा ‘मार्चिपोकान्डी’ भनेको के हो ?

(A) नमस्कार (B) माया नमार है

(C) नबिर्स है (D) सम्झना छ है ।

8 ‘त्रिकोण’ नाटकमा कतिजना पात्रहरू छन् ?

(A) तीन (B) चार

(C) पाँच (D) सात

9 ‘नागाभूमिमा प्रवेश गर्दा वीर गोर्खालीहरूको बाहुबलको सहारा लिएका थिए ।’ – सहारा कसले लिएका थिए ?

(A) नागा (B) असमिया

(C) अङ्ग्रेज (D) अन्य भारतीय



UNNATI EDUCATIONS
9899436384, 9654279279

**10** संज्ञा वा नाम कति प्रकारका छन् ?

(A) चार (B) पाँच

(C) तीन (D) छ

**11** सन्धि कति प्रकारका छन् ?

(A) तीन (B) दुई

(C) चार (D) पाँच

**12** निम्नलिखित गद्यांश ध्यानसित पढेर सोधिएका प्रश्नको उत्तर दिनुहोस् : **1+1+3+2+3+2+1=13**

कुरुको वंशमा शान्तनु नाउँका एकजना प्रसिद्ध राजा थिए । उनको राजधानी हस्तिनापुर थियो । उनका तीन पुत्र मध्ये जेठाको नाउँ गाङ्गेय, माहिलाको चित्राङ्गद र कान्छाको विचित्रवीर्य थियो । आजन्म बिहे गर्दिनँ भन्ने गाङ्गेयलाई देवव्रत र भीष्म पनि भनिन्छा । विचित्रवीर्यका दुईजना पुत्रहरू भए, धृतराष्ट्र र पाण्डु । यी दुईजना मध्ये जेठा जन्मान्ध थिए । यसैले गर्दा पिताको मृत्युपछि पाण्डु कुरुवंशका राजा भए । पाण्डुका पाँच पुत्रहरू थिए, यिनीहरू पाण्डव कहलाइन्छन् । धृतराष्ट्रका सयपुत्र कौरव । पाण्डुको असमय मृत्यु भएपछि धृतराष्ट्र सिंहासन आरुढ भए । कुरुक्षेत्रको लडाईँ पाण्डव र कौरवमाझ भएको थियो ।

(i) उपर्युक्त कथांश कहाँबाट उद्धृत गरिएको हो ?

(A) रामायण (B) महाभारत

(C) मेघदूत (D) अभिज्ञान शाकुन्तलम्

(ii) शान्तनु कसका पिता थिए ?

(A) धृतराष्ट्र (B) भीष्म

(C) पाण्डव (D) कौरव

(iii) शान्तनुका पुत्रहरूको नाम लेख्नुहोस् ।

(iv) धृतराष्ट्रले प्रथमपल्ट राजसिंहासन नपाउनुको कारण के थियो ?

(v) कौरव कसलाई भनिन्छ ? यिनीहरूको युद्ध कहाँ र कोसित भएको थियो ?

(vi) पाण्डव कसलाई भनिन्छ ? उनीहरूको नाम लेख्नुहोस् ।

(vii) पाण्डुको मृत्युपछि कुरुवंशको सिंहासनमा को बसे ?



UNNATI EDUCATIONS
9899436384, 9654279279

13 निम्नलिखित पद्यांश ध्यानपूर्वक पढेर सोधिएका प्रश्नका उत्तर लेख्नुहोस् : 2+1+1+1=5

विमान खासा मनको लिईकन
म चन्द्रतारा पृथ्वी घुमीकन
विहारको मोज मजा लुटीकन
फर्कन्छु फेरि उही रम्य आँगन ।

(i) प्रस्तुत पद्यांश कुन कविताबाट लिइएको हो ? यसका रचयिता को हुन् ?

(ii) 'विमान खासा मनको' भन्नाले के बुझिन्छ ?

(iii) 'विहार' अर्थ के हो ?

(iv) 'उही रम्य आँगन' भनेर केलाई बुझाइएको छ ?

14 सप्रसङ्ग व्याख्या गर्नुहोस् : 5

(क) हुँदैन बिहान मिर्मिरमा तारा झरेर नगए
बन्दैन मुलुक दुई चार सपूत मरेर नगए ।

(ख) गोरखाली जाति कहिले बुद्धिको खान होला ।
के थियौँ हामी पहिले कहिले त्यो ज्ञान होला ।

15 'कवि र कविता' कविताको सारांश लेख्नुहोस् । 5

16 'साहित्यमा विस्मयताको रङ्ग मात्र छैन, प्रफुल्लताको उल्लास पनि छ, कति साहित्यिकले भन्लान्' – प्रस्तुत गद्यांश कहाँबाट उद्धृत गरिएको हो ? 1

17 'एउटा चिट्ठी परेवालाई' कवितामा के को सन्देश दिइएको छ ? 1

18 'नेपाली : सरकारी कामकाजको भाषा' लेखको तात्पर्य के हो ? 1



UNNATI EDUCATIONS
9899436384, 9654279279

19 ‘खोली वाहाँ विपुल दिलले विश्व सारा अँगालौँ’ को तात्पर्य के हो ? 1

20 ‘चियाबारीका शहीदहरू’ कविताका कवि को हुन् ? 1

21 तलका वाक्यांशका निम्ति सारशब्द लेख्नुहोस् : 2

जसको उपमा छैन, धेरै दिनसम्म बाँच्ने ।

22 तलका कुनै दुईवटा शब्दका पर्यायवाची लेख्नुहोस् : 2

गहना, आगो, आकाश, कमल ।

23 कुनै दुईवटाका विपरीतार्थक शब्द लेख्नुहोस् : 2

स्वर्ग, आरम्भ, गुन, ताप ।

24 तलका कुनै दुईवटा वाग्धाराको अर्थ स्पष्ट हुने गरी वाक्यमा प्रयोग गर्नुहोस् : 4

नाक काट्नु, डाँडाको घाम हुनु, थला पर्नु, टुप्पी बिक्नु ।

25 तलका कुनै दुईवटा शब्दको समास बताउनुहोस् : 4

केटाकेटी, बेकाम, दोसाँध, लमकन्ना ।

26 संज्ञा भनेको के हो ? संज्ञा कति प्रकारका छन् ? के के ? 5

27 तलका कुनै एउटा लोकोक्तिको भाव विस्तार गर्नुहोस् : 5

(क) आफु भलो त जगत भलो ।

(ख) अवसर आउँछ पर्खदैंन ।



UNNATI EDUCATIONS
9899436384, 9654279279

28 देशमा बढ्दो नारी हिंसा र यसमाथि प्रतिबन्ध लगाउनुपर्ने युक्ति बताउँदै प्रधानमन्त्रीलाई एउटा पत्र लेख्नुहोस् । **7**

**अथवा**

आपनो विद्यालयको पुस्तकालय सुचारु सञ्चालन गर्नुपर्ने कारणहरू दर्शाउँदै प्रधानाध्यापकलाई पत्र लेख्नुहोस् ।

29 तपाईँको गाउँमा सम्पन्न भएको खेलकुद प्रतियोगिताबारे रोमाञ्चक विवरण लेख्नुहोस् । **5**

30 (क) धूम्रपानको लत र हानिबारे एउटा अनुच्छेद लेख्नुहोस् । **5+5=10**

(ख) एउटा गाउँमा 300 घरहरू छन् । जसमध्ये 100 घर नेपाली, 50 घर आदिवासी, 35 घर बिहारी, 30 घर राजवंशी, 40 घर तमिल र 50 घर बङ्गालीहरू छन् । यसलाई एउटा पाईचार्टमा देखाउनुहोस् ।

31 कुनै एउटा विषयमा 200 शब्दभित्र निबन्ध लेख्नुहोस् : **10**

(क) म प्रधानमन्त्री भए ।

(ख) कवि भानुभक्त आचार्य ।

(ग) युद्ध र शान्ति ।

(घ) मोबाइल फोन र युवावर्ग ।



UNNATI EDUCATIONS
9899436384, 9654279279